# गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

फोन नं-०९१: .४७८०५९,४१८०६
वेवसाइट:www.gaurigangamun.gc


पत्र संख्याः २०८०/०८१
चलानी नं.

## बिज्ञापन कर संकलन ठेक्का सम्वन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/०४/१५

यस गौरीगंगा नगरपालिका अन्तर्गत निम्न लिखित विषयमा आ.व.२०८०/०८१ को आन्तरिक राजश्व व्यवस्थापन गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाको वित्तीय अधिकार अन्तर्गत कर असुलीको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक व्यक्ति/ फर्म धनीहरुले तपसिल बमोजिमको सेवा शर्तको अधिनमा रही दोस्रो पटक मिति २०८०/०४/१५ प्रकाशित ७ दिने सूचना गौरीगंगा नगरपालिका आन्तरिक आय संकलन सम्बन्धी कार्यविधि २०८० बमोजिम प्रकाशित गरिएको छ ।दरभाउपत्र फराम गौरीगंङ्गा नगरपालिकाको कार्यालयबाट उपलब्ध गराइनेछ ।

तपसिल

| सि.नं. | दरभाउपत्र नं. | कार्य विवरण | न्यूनतम ठेक्का रकम(मु.अ.कर सहित) | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | GGM/R02/2079/080 | बिज्ञापन कर | १,५०,०००/- | १०००/- | कबोलअंकको ५% | |

### ठेक्का सम्वन्धी शर्तहरु

१.ठेक्का अवधि मिति २०८०/०४/०१ देखि २०८१ साल असार मसान्त सम्म हुनेछ ।

२.कबोल रकम अंक र अक्षरमा प्रष्ट गरी लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ ।

३.प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ आग्रिमरुपमा बुझाएमा ५% प्रतिशत सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन।दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वाफतको रकम यस कार्यालयको एन.आई.सि.एशिया बैंक चौमाला शाखामा रहेको आन्तरिक राजश्व खाता नं.०७१२०५००२८०६२००२ मा जम्मा गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नु पर्नेछ ।र धरौटी खाता नं.71CA500982524004 धरौटी रकम जम्मा गर्नु पर्नेछ ।

४.ठेक्कामा कुनै बिवाद उत्पन्न भएमा गौरीगंगा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

५.उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिलले ७ औं दिनको कार्यालय समय भित्र खरिद गरी मिति ८ औं दिनमा दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नुपर्नेछ ।साथै उक्त सूचना गौरीगंङ्गा नगरपालिकाको सूचना पाटीमा राखिनेछ ।प्राप्त दरभाउ पत्रहरु सोही दिनको २:०० बजे गौरीगंङ्गा नगरपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ । दरभाउदाताहरुको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

उपसचिव
गौरीगङ्गा नगरपालिका

# गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय
मसुरिया, कैलाली

फोन नं-०९१: ४७८०५१,४१८०६
वेबसाइट:www.gaurigangamun.gov.np

पत्र संख्याः २०८०/०८१
चलानी नं.

---

बोलपत्रसाथ संलग्न गर्नुपर्ने कागजातहरु

१.नागरिकताको प्रतिलिपि

२.फर्म दर्ता/ नविकरण

३.पान नं/भ्याट दर्ता

४.कर चुक्ताको कागजात

५.व्यवसाय दर्ता/ ईजाजत पत्र

.........................

हरीश पन्त
उप सचिव
उपसचिव
गौरीगङ्गा नगरपालिका